# थवाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थवाङ, रोल्पा ५ नं. प्रदेश, नेपाल

## थवाङ गाउँपालिकाको अधिकार क्षेत्रभित्रको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन तथा बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना !

सूचना नं. ३/२०७७/०७८ दोस्रो पटक प्रकाशित मिति : २०७७।०६।१३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (६) र ६४ एवं थवाङ गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढावढ हुने गरी थवाङ गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सो को लागि सूचना प्रकाशित भएको मितिले ७ (सात) (२०७७।०६।१९) दिनभित्र शिलबन्दी बोलपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधीनमा रही आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष २०७६/०७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरी रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

| ठेक्का नं. | विवरण | न्यूनतम अंक (करबाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| ०१/२०७७/०७८ | थवाङ खोलाको ढुंगा गिट्टी बालुवा (फुन्टिवाङ दहबाङ गोड खोलासम्म) | रु. ५,००,०००।- (पाँच लाख रुपैयाँ) | रु. २,०००।- (दुई हजार रुपैयाँ मात्र) | कबोल अंकको ५% (पाँच प्रतिशत) | सातौं दिनको १२ बजेभित्र |
| ०२/२०७७/७८ | छेलोंवाङ मिरुल खोला (छेलोंवाङ-कुरेली सीमानासम्म) | रु. १,००,०००।- एक लाख रुपैयाँ) | रु. २,०००।- (दुई हजार रुपैयाँ मात्र) | कबोल अंकको ५% (पाँच प्रतिशत) | सातौं दिनको १२ बजेभित्र |
| ०३/२०७७/७८ | उवा खोला (सलाप-सुनछहरी गा.पा. सीमानासम्म) | रु. ५०,०००।- (पचास हजार रुपैयाँ) | रु. १,०००।- (एक हजार रुपैयाँ मात्र) | कबोल अंकको ५% (पाँच प्रतिशत) | सातौं दिनको १२ बजेभित्र |

**पुनश्च**

- नदीजन्य पदार्थ (ढुंगा,गिट्टी, बालुवा आदि) को दर रु. ५।- प्रति क्यूफिट हुनेछ ।

**बोलपत्र सम्बन्धी शर्तहरु**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्राविधिक शाखाबाट खरीद गर्न सकिनेछ र फाराम दस्तुर थवाङ शाखाको ग्लोबल आ.एम.ई. बैंक थवाङ शाखामा रहेको आन्तरिक राजश्व थवाङ खाता नं. U६०४०१००००००९ मा जम्मा गरेको बैंक सक्कल भौचर पेश गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु ७ औं दिन दिनको १२ बजेभित्रमा बोलपत्र दर्ता र सोही दिन अपरान्हको ३.०० बजे यस कार्यालयमा बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो पछाडि लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु सञ्चालन हुनेछन् ।

२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरु बोलपत्रदाता स्वयं वा रीतपूर्वक लिखत वारेस पठाई तोकिएको दस्तुर बुझाई खरीद गर्नुपर्नेछ ।

३. बोलपत्र फाराम खरीद गर्दा निवेदनसहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर/मु.अ. करको प्रमाणपत्र तथा आर्थिक वर्ष २०७६/७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४. बोलपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसँग लेखी कबोल अंकको कम्तिमा ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको थवाङ शाखाको ग्लोबल आ.एम.ई. बैंक थवाङ शाखामा रहेको धरोटी खाता नं. U ६०४०१००००००३ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानी पत्र गोप्य शिलबन्दी बोलपत्रसाथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

५. यसपूर्व यस कार्यालयबाट कुनै पनि ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन । तर बोलपत्र पेश गर्नुभन्दा अगावै फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्नेछैन ।

६. बोलपत्र स्वीकृत भइसकेपछि बोलपत्रदाताले मान्यताप्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा २०७८ श्रावण मसान्तसम्म म्याद भएको रीतपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ ।

७. स्वीकृत ठेक्का अंकलाई दुई किस्तामा बिभाजन गरिएको छ । पहिलो किस्ता ६०% (साठी प्रतिशत) र अन्तिम किस्ता ४०% (चालीस प्रतिशत) मध्ये पहिलो किस्ता ६०% सम्झौताको बखत दाखिला गरी बाँकी ४०% को हकमा जमानत बापत नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट २०७८ श्रावण मसान्तसम्म मान्य हुने बैंक ग्यारेण्टी (Performance Bond) पेश गर्नुपर्नेछ । ४०% रकमको किस्ता सम्झौता समयभित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का मात्र कर असुली गर्नुपर्नेछ ।

८. प्राकृतिक स्रोतसाधन निकाल्ने प्रयोजनका लागि लोडर, डोजर, एक्साभेटर, जे सि बी र ६ चक्के टायर भएका भन्दा ठूला हेभी इक्वीपमेन्ट प्रयोग गर्न पाइने छैन ।

९. ढुंगा गिटी बालुवालगायत अन्य प्राकृतिक साधनस्रोतको उत्खनन तथा संकलन कार्य बेलुका सूर्यास्तदेखि बिहान सूर्योदयसम्म गर्न पाइने छैन ।

१०. स्थानीय स्तरमा प्रत्यक्ष प्रभावित क्षेत्रमा उपभोक्ता समितिद्वारा सञ्चालन हुने सार्वजनिक विकास निर्माण आयोजनाका लागि प्राकृतिक स्रोत साधनको मूल्य प्राविधिक स्टिमेटमा घटाइएको भए यस कार्यालयको सिफारिसमा नि:शुल्क उपलब्ध गराउनु पर्नेछ ।

११. प्राकृतिक स्रोतसाधन उपयोग तथा बिक्रीकर संकलन गर्ने प्रयोजनका लागि गाउँ कार्यपालिका कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ । साथै स्थानीय तहबाट निकासी गरिने नदीजन्य पदार्थको निकासीकर सम्बन्धित डिपोमा बुझाउनु पर्नेछ ।

१२. नेपाल सरकारको मौजुदा कानुनी व्यवस्था अनुसार आषाढ, श्रावण र भदौ १५ सम्म (दुई महिना १५ दिन) नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न नपाइने व्यवस्था भएकाले सो को पूर्णरुपले पालना गर्नुपर्नेछ ।

१३. उत्खनन गरिएको नदीजन्य पदार्थ खोलाको किनारा वा सार्वजनिक स्थलमा घाटगद्दी गर्न पाइने छैन । त्यसका लागि बोलपत्रदाताले आफ्नो अलगै जग्गाको व्यवस्थापन गर्नुपर्नेछ ।

१४. कुनै पनि बन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दाबी गर्न पाइने छैन । नदीजन्य पदार्थ उत्खनन संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्रदाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ ।

१५. माथि उल्लेखित शर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइने छ साथै असुल गर्न बाँकी रकममा १०% थप क्षतिपूर्तिसमेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

अन्य जानकारीका लागि सम्पर्क नं.: ९८५७८२४७५०, ९८५७८७७०४१
इमेल - thabangrm58@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत**